आज मिति २०८१ साल कार्तिक २९ गते बिहीवारका दिन दिउसो २.०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको २९ औ बैठक बस्यो ।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्र्कर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | श्री उज्जवला थापा श्रेष्ठ | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | अनुपस्थिति |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थिति |
| २० | सदस्य-सचिव | श्री राम बहादुर के.सी | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थिति |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थिति |
| ३ | महाशाखा प्रमुख | श्री तुल्सी भक्त तको | उपस्थिति |
| ४ | ब.ले.अ | श्री सुमित्रा पौडेल | उपस्थिति |

स्थानीय सरकार थिमि नगरपालिका २०७३



राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरुः

१. मध्यपुर महोत्सव सम्वन्धमा ।

२. Land pooling सम्वन्धमा ।

३. सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा ।

४. आमा स्याहार कार्यक्रम सम्वन्धमा ।

५. बिबिध ।

निर्णय नं १.

२०८१ साल पौष १२, १३ र १४ गते , ने.सं.११४५ थिंलागाः १२,१३ र १४ ( 2024 December 27, 28, 29) तीन दिन सम्म मध्यपुर महोत्सव भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि सम्वन्धित निकायहरुसंग आवश्यक सहयोग तथा समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. २

मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्रका कला, संस्कृति, सम्पदा र पेशाको प्रभावकारी प्रवर्धन मार्फत आर्थिक समृद्धि एवम् पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने लक्ष्यका साथ आउँदो मिति २०८१ पुष १२, १३ र १४ ने.सं.११४५ थिंलागाः १२,१३ र १४ ( 2024 December 27, 28, 29 ) गते आयोजना हुने "मध्यपुर महोत्सव-२०८१" लाई ऐतिहासिक रुपमा सफल बनाउनका लागि देहाय बमोजिमको अनुमानित बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

अनुमानित बजेट

| सि.न. | विवरण | संख्या | दर | अनुमानित बजेट |
|---|---|---|---|---|
| १ | प्रचार प्रशार सामग्री | | | ३६००००० |
| क | ब्रोसर | १०००० | ५० | ५००००० |
| ख | पोस्टर | १००० | १०० | १००००० |
| ग | महोत्सब लोगो, स्टिकर र अन्य | २०००० | २५ | ५००००० |
| घ | फ्लेक्स बोर्ड (क्षेत्रगत रुपमा राख्ने) | २० | १०००० | २००००० |
| ङ | फ्लेक्स (सडक, वस्ती र टोलको पोल पोलमा राख्ने) | १००० | ३०० | ३००००० |
| च | वेबपेज डिजाइन, वेब पेज र सामाजिक संजाल संचालन | १ | ५००००० | ५००००० |
| छ | श्रव्य दृश्य (डकुमेन्ट्री) | १ | ५००००० | ५००००० |
| ज | साँस्कृतिक सम्पदाहरुको प्रतिचित्र | १०० | ५००० | ५००००० |
| झ | सूचना डिस्पले व्यवस्थापन | | | २००००० |

मध्यपुर थिमि नगरपालिका स्थानीय सरकार २०७३



राजबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ञ | महोत्सब डायरी/नोटबुक | १५०० | २०० | ३००००० |
| २ | मूल समारोह समिति, क्षेत्रगत समिति र विषयगत उपसमितिहरु गठन तथा परिचालन | | | १०००००० |
| ३ | खानेपानी तथा सरसफाई ब्यबस्थापन | | | ५००००० |
| ४ | महोत्सबको रेडियो, टिभी र पत्रपत्रिकामा विज्ञापन | | | ३००००० |
| ५ | क्षेत्रगत रुपमा महोत्सब स्टल व्यवस्थापन | | | १०००००० |
| ६ | उदघाटन र समापन कार्यक्रम | | | ११००००० |
| क | महोत्सब उदघाटन समारोह (स्टेज,साउण्ड सिस्टम,मेच, टेन्ट आदि ) | १ | ४००००० | ४००००० |
| ख | रोजगारी र आर्थिक सम्बृद्धि वारे विज्ञ /सरोकारवाला छलफल | १ | ३००००० | ३००००० |
| ग | समापन समारोह (सटेज,साउण्ड सिस्टम,मेच, टेन्ट आदि ) | १ | ४००००० | ४००००० |
| ७ | महोत्सब सचिवालय संचालन तथा व्यस्थापन | | | १३३०००० |
| क | कम्प्युटर र ल्यापटप | १ | २२५००० | २२५००० |
| ख | स्मार्ट बोर्ड | १ | २२०००० | २२०००० |
| ग | प्रिन्टर | १ | २५००० | २५००० |
| घ | ह्वाइट वोर्ड | १ | १५००० | १५००० |
| ङ | वाटर डिसपेन्सर | १ | १५००० | १५००० |
| च | फर्निचर (मेच, कुर्सि,टेबल,रिबल्भिंग चेयर ,टि-टेबल,सफ्ट बोर्ड, स्टिल दराज, कार्पेट) | | | ७५०००० |
| छ | टेलिफोन, वाइफाई (तीन महिनाको) | १ | ३०००० | ३०००० |
| ज | मसलन्द सामाग्री र चिया,कफी र पानी (तीन महिनाको) | | | ५०००० |
| ८ | महोत्सव सचिवालय परिसरमा नाइट भिजन सिसि क्यामेरा जडान, मनिटर समेत | ८ | | २५०००० |
| ९ | पार्किंग तथा स्वयम् सेवक परिचालन तथा ब्यबस्थापन (महोत्सब अवधि भर परिचालन गर्दा खाना,खाजा,पानी,ब्याच आदिको व्यवस्था) | | | १५००००० |
| १० | यातायात सेवा संचालन तथा ब्यबस्थापन | | | १५०००० |
| क | महोत्सबको समयमा घुम्ती यातायात सेवा संचालन तथा ब्यबस्थापन (तीन दिन) | ६ | २०००० | १२०००० |
| ख | सामाग्री ओसारपसारको लागी यातायात ब्यबस्थापन(तीन दिन) | १ | ३०००० | ३०००० |
| ११ | बैठक,कार्यशाला,अन्तरक्रिया. पत्रकार सम्मेलन तथा भेला आदि | | | ६००००० |



स्थानीय सरकार मधपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १२ | फोटो, भिडियो र प्रत्यक्ष प्रशारण | | | ५००००० |
| १३ | मायाको चिन्हो, प्रशंसा पत्र, महोत्सब लोगो आदि | | | ८००००० |
| १४ | प्राथमिक उपचार सामाग्री ब्यबस्थापन | ६ | २०००० | १२०००० |
| १५ | बुलेटीन तथा विशेषांक प्रकाशन | | | ५००००० |
| १६ | सांस्कृतिक झाकी र बाजागाजा ब्यबस्थापन | | | २०००००० |
| १७ | मठ मन्दिर र पाटीपौवा र सत्तलमा ईला राख्ने तथा रंगरोगन कार्य | | | १५००००० |
| १८ | पर्यटन गाइड तालिम, हाइजेनिक फूड स्टल व्यबस्थापन तालिम | | | ३००००० |
| १९ | नगर र क्षेत्रगत प्रवेश ढोकामा सौन्दर्यकरण कार्य | | | १०००००० |
| २० | महोत्सब सचिबालय संचालन प्रशासनिक खर्च (जनशक्ति व्यवस्था) | | | २५०००० |
| २१ | महोत्सव क्षेत्रमा वत्ति ब्यबस्थापन | | | १०००००० |
| २२ | विविध | | | १०००००० |
| | जम्मा अनुमानित लागत | | | २०३००००० |

निर्णय नं ३.

मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र पर्ने जग्गाहरुको Land pooling का सम्बन्धमा फिजिबिलिटी रिर्पोटका आधारमा सम्बन्धित निकयहरुसंग आवश्यक सहयोग तथा समन्वय गरी प्रचलित कानुन बमोजिम आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ४.

मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरु संरक्षणको लागि सबै वडाहरुले प्रचलित कानून वमोजिम आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं ५.

यस नगरपालिका नगरकार्यपालिकाको २०८१ साल आश्विन २१ गते २८ औ बैठकबाट सम्मानित सर्वोच्च अदालत फैसला कार्यन्वयन निर्देशनालय बबरमहल काठमाण्डौंको प.स. ०८१/८२ च.नं. १५१ मिति २०८१/०६/१५को आदेश कार्यन्वयन सम्बन्धि पत्रको सम्बन्धमा छलफल हुदां उच्च अदालत पाटनबाट, भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका वडा नं.३ साविक वडा नं. १५ नापी नक्शा सिट. नं. १०२-१२३०-०१को "विवादित कि.नं. २६ को जग्गा अरनिको राजमार्गको लागि नेपाल सरकारबाट अधिग्रहण

मध्यपुर थिमि नगरपालिका स्थानीय सरकार २०७३



राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

भइ सकेको देखिदा नेपाल सरकारको नाममा रहेको सो जग्गामा निर्माण भएको संरचनाको सम्बन्धमा सम्बन्धित नगरपालिकालाई आवश्यक काम कारवाहीको लागि जानकारी दिनु.." भन्ने समेत व्यहोराको मिति २०८०/०२/०९ मा फैसला भएको देखिएकोले नगर क्षेत्र भित्रका सार्बजनिक जग्गाहरुको संरक्षण गर्ने दायित्व नगरपालिकाको भएको हुँदा उक्त कित्तामा निर्माण भएको भौतिक संरचना ३५(पैंतीस) दिनको सूचना दिई खालि गर्न लगाउने/हटाउन लगाउने । साथै सम्बन्धित पक्षले आफ्नै तर्फबाट उक्त संरचना खालि नगरे/नहटाएमा नगरपालिकाले हटाई/खाली गराई सो हटाउदा/खाली गराउदा लागेको खर्च समेत निजबाट सरकारी बाकी सरह असुल उपर गर्ने निर्णय भै ३५ (पैंतीस) दिने सूचना समेत जारी भइसकेकोले प्रचलित कानून वमोजिम उक्त संरचना संरक्षणका लागि न.पाले प्रयोग गर्ने गरी जिम्मा लिने निर्णय गरियो ।

निर्णय नं ६.

यस नगरपालिकाबाट संचालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा यस अगाडी देखि संचालनमा रहेको शल्यक्रिया सहितको आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी वनाउन र नेपाल सरकारको सोहि कार्यक्रम संग जोड्न स्वास्थ्य मन्त्रालय , स्वास्थ्य सेवा विभाग टेकुमा अनुमतिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ७ :

यस नगरपालिका वडा नं ५ स्थित श्री प्राणेदय आधारभुत विद्यालय परिसर समेतमा नगरपालिका कार्यलयको नयां भवन निर्माण गर्न डि.पि.आर निर्माणको अन्तिम चरणमा रहेको र उक्त स्थानमा संचालनमा रहेको विद्यालय अन्य स्थानमा स्थान्तरण गरी विदालय संचालन गर्नको लागि घर भाडामा लिई संचालन गर्न चालु आ.बमा भैपरि चालु शिर्षकमा विनियोजित वजेटबाट रु १०,५०,०००। ( दश लाख पचास हजार मात्र) रकमान्तर गर्ने मिति २०८१।०७ ।०४ को निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ८ :

यस नगरपालिका क्षेत्र भित्र पर्यटन प्रर्बधन गर्ने उदेश्यका साथ नगरपालिकाबाट २०८१ पौष १२,१३,१४ गते मध्यपुर महोत्सव मनाउने सन्दर्भमा वडा नं ४ स्थित शंखधर चोकमा निर्माण भएका सतल पाटीहरुमा नगरपालिकाको मूर्त अमृत कलाकृति , स्थानीय जात्रा पर्व समेत डिजिटल लिडमा देखाउन डिजिटल डिसप्ले लिड टि.भी खरिदका लागि चालु आ.बमा भैपरि पुजिगत शिर्षकमा विनियोजित वजेटबाट रु ७,७१,२२५।( सात लाख एकहत्तर हजार दुईसय पच्चिस रुपैया मात्र) रकमान्तर गर्ने २०८१।०७ ।०८ को निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ९ :

यस नगरपालिका क्षेत्र भित्र पर्यटन प्रर्बधन गर्ने उदेश्यका साथ नगरपालिकाबाट २०८१ पौष १२,१३,१४ ने.सं.११४५ थिंलागाः १२,१३ र १४ ( 2024 December 27, 28, 29) गते मध्यपुर महोत्सव मनाउने सन्दर्भमा वडा नं ४ स्थित शंखधर चोकमा निर्माण भएका सतल पाटीहरुमा नगरपालिकाको अमृत कलाकृति , स्थानीय जात्रा पर्व समेत डिजिटल लिडमा देखाउन डिजिटल डिसप्ले लिड खरिदका लागि चालु आ.बमा भैपरि पुजीगत शिर्षकमा विनियोजित वजेटबाट रु ८,८९,३१०। ( आठ लाख उनानव्य हजार तिनसय दश रुपैया मात्र) रकमान्तर गर्ने मिति २०८१।०७ ।०८ को निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं १० :

यस नगरपालिका क्षेत्र भित्र पर्यटन प्रर्बधन गर्ने उदेश्यका साथ नगरपालिकाबाट २०८१ पौष १२,१३,१४ ने.सं.११४५ थिंलागाः १२,१३ र १४ ( 2024 December 27, 28, 29) गते मध्यपुर महोत्सव मनाउने सन्दर्भमा वडा नं ४ स्थित शंखधर चोकमा निर्माण भएका सतल पाटीहरुमा नगरपालिकाको अमृत कलाकृति , स्थानीय जात्रा पर्व समेत डिजिटल लिडमा देखाई राख्न पर्ने हुदा सोलाई सुरक्षा गर्न Toughen Glass खरिदका लागि चालु आ.बमा भैपरि पुजीगत शिर्षकमा विनियोजित वजेटबाट रु २,३८,४८५। ( दुई लाख अत्तिस हजार चार सय पचासी रुपैया मात्र) रकमान्तर गर्ने मिति २०८१।०७ ।११ को निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ११ :

मध्यपुर थिमि नगरपालिका वडा नं ५ मा रहेको यस नगरपालिकाबाट संचालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालबाट संचालन हुने सेवा प्रवाहलाई थप प्रभावकारी वनाउन हाल संचालनमा रहेको अस्पतालको उत्तर पुर्वी भागमा अध्याधुनिक भवन निर्माणका लागि नेपाल सरकार र दक्षिण कोरिया सरकार बिच १५ नोभेम्वर , २०२२ मा RoD र ११ जुलाई ,२०२३ मा MoU सम्झौता भई निर्माण कार्य भैरहेकोले उक्त भवन निर्माणका लागि आवश्यक पर्ने स्वदेश तथा विदेशबाट पैठारी हुने KOICA को प्राप्त पत्रानुसार जम्मा रकम रु. २४,७७,५२,८५२ । ६७ ( अक्षरेपी रुपैया चौविस करोड सत्तहत्तर लाख वाउन्न हजार आठ सय बाउन्न सतसठी पैसा ) बराबरको सामाग्री तथा उपकरणहरुको प्रचलित कानून बमोजिम भंसार तथा कर छुटका लागि लागि सघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राजा बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं :१२

चालु आ. व. मा देहाय बमोजिमका सामाग्री/कार्यहरुको नगर दररेट नभएकोले प्राबिधिकबाट पेश भए आनुसार देहाय बमोजिमका आइटमहरुको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

(क)

| S.N. | Description of works | Quantity | Unit | दररेट with VAT |
|---|---|---|---|---|
| १ | १८ gauge पित्तलको ४'-०" लम्बाई ८" चौधाईको तोरण | 1.00 | No | 113,000.00 |
| २ | २० gauge पित्तलको को १'-६" उचाइको गजुर | 1.00 | No | 16,950.00 |
| ३ | १८ gauge पित्तलको को १'-२" उचाइ ८" चौधाईको ५" उचाइको शेर | 1.00 | No | 33,900.00 |
| ४ | १८ gauge पित्तलको को १' उचाइ ६" चौधाईको नेह्का सिमा | 1.00 | No | 9,040.00 |
| ५ | १८ gauge पित्तलको को २'-२" उचाइ ८" चौधाईको तोरण थाम | 1.00 | No | 22,600.00 |

(ख)

| सि.नं. | Description of work | Quantity | unit | Rate( without VAT) |
|---|---|---|---|---|
| १ | water proofing works with cretoproof top Guard water proofing chemical and water proofing membrance sheet 400gsm. | १.०० | Sq.ft | ३७५.०० |
| २ | Grouting works using stone Grout TGA | १.०० | per Nozzel | ३६०.०० |

(ग)

| S.No | Description of works | Size | Unit | Rate with out Vat |
|---|---|---|---|---|
| A | १८ गेज तामा पाता | | | |
| 1 | सानो नागल | ६x१२ इन्च | प्रति रनिङ फिट | ११५०/०० |
| 2 | ठुलो नागल | ८x१२ इन्च | प्रति रनिङ फिट | १३७५/०० |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०६३



१-८-७

राजा बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| 3 | गजुर | १५ इन्च | प्रति गोटा | ४२००/०० |
| 4 | कुंपा | १० इन्च | प्रति गोटा | ५५००/०० |
| 5 | मुठल | ६×१२ इन्च | प्रति रनिङ फिट | २८५०/०० |
| 6 | झल्लर | ६×१२ इन्च | प्रति रनिङ फिट | २८५०/०० |
| 7 | भंगी | २×२ फिट | प्रति गोटा | ३५०००/०० |
| 8 | मुखोटा (भैरव) सानो | ४ इन्च | प्रति गोटा | १४५०/०० |
| 9 | मुखोटा (भैरव) सानो | ५.५ इन्च | प्रति गोटा | १९००/०० |
| **B** | **१८ गेज तामा पाता** | | | |
| 10 | पितल पाईप | ३६×१.५ इन्च | प्रति रनिङ फिट | १३५०/०० |
| 11 | नाग | ६० इन्च | प्रति गोटा | २८०००/०० |
| 12 | आखाँ | २१ इन्च | प्रति गोटा | २२०००/०० |
| 13 | कूलाँ | २१ इन्च | प्रति गोटा | ८०००/०० |
| 14 | किकिपा | १५×११ इन्च | प्रति गोटा | ३००००/०० |
| 15 | गजुर (छत्र) | ११×३० इन्च | प्रति गोटा | ३३०००/०० |
| 16 | ईल्ला २० गेज | ३०×३० इन्च | प्रति गोटा | ५२०००/०० |
| 17 | दलु | | प्रति गोटा | १६५०/०० |
| 18 | त्रियादशी भुवण | ४० इन्च उचाई | प्रति गोटा | ११००००/०० |

निर्णय नं : १३

यस नगरपालिका क्षेत्र भित्र नगरपालिकाको अनुमति विना संचालन भईरहेको अबैध प्लानिङको रोकथाम तथा नियन्त्रणको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं : १४

यस नगरपालिका वडा नं ४ बनदेवीमा Zip Line संचालन गर्न रु. ३०,००,०००। ( अक्षरेपी तीस लाख मात्र ) चालु आ.बको भैपरी पुजीगत शिर्षक (३१५११) बाट रकमान्तर गरी उक्त योजना संचालन गर्ने निर्णय गरियो ।साथै अन्य वडाहरुमा समेत Zip Line संचालनको लागि सम्भाव्यता अध्ययन गर्ने निर्णय समेत गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

८

निर्णय नं : १५

यस नगरपालिका वडा नं ३ स्थित हरियाली मार्ग जाने बाटोमा Ch:00+000 देखि Ch:00+090 र Ch:00+270-Ch:00+300 सम्म अपुरो ढल निर्माण र कालो पत्रे समेत गर्न लाग्ने लागत रु. ९,२१,०३५.५१ ।(अक्षरेपी नौ लाख एकाईस हजार पैत्तिस रुपैया उकाउन्न पैसा मात्र) ( भ्याट र कन्टेन्जेन्सि सहित) सडक तथा पुर्वधार मर्मत शिर्षक ( ३११५९) बाट खर्च व्यहोर्ने गरी योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं : १६

संस्कृत संरक्षण सम्वर्धनका लागि वाजा सिकाई तथा प्रविधि हस्तातरण (बागमति प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम) ( शर्सत अनुदान ) संचालनका लागि कार्याविधि निर्माण गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं : १७

यस नगरपालिका वडा नं ६ स्थित चपाचो , वसिपुखु संग्रालय निमार्णका लागि नगरपालिकाबाट आ.बमा २०७६।०७७ मा निर्माण गरेको सो स्थानको पुर्व पश्चिम वीच तर्फ १४.३ मिटर लम्वाई करीव ९०.०० घन मिटरको stone masonar वाल भत्काउन पर्ने देखिएकोले सो पर्खाल सम्वन्धित वडाको रोहवरमा भत्काई चालु आ.वमा सो संग्रालयका लागि विनियोजित वजेटबाट खर्च व्यहोर्ने गरी वंसिपुखु संग्रालयलाई पुर्णता दिने निर्णय गरियो ।

निर्णय नं : १८

यस नगरपालिकामा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरुलाई पोशाकको रंग (color) निर्धारण गरी पोशाक उपलब्ध गराउनको लागि आवश्यक बजेटको ब्यबस्था गर्ने गरि २०८१ असार १० मा सम्पन्न १० औ नगर सभाबाट निर्णय भै सकेको र २०८१ साल पौष १२, १३ र १४ गते , ने.सं.११४५ थिंलागाः १२,१३ र १४ ( 2024 December 27, 28, 29) तीन दिन सम्म मध्यपुर महोत्सव भव्य र सभ्य रुपमा मनाउन लागिएकोले सो महोत्सवमा आफ्नो सस्कृति र पहिचान झल्कने गरी पोशाक लगाउन आबश्यक देखिएको हुदा यस नगरपालिकामा प्रतिनिधित्व गर्ने निर्वाचित वहालवाला जनप्रतिनिधिहरुलाई एक सेट पोशाक व्यवस्थापन गर्नका लागि प्रति व्यक्ति रु.२५,०००।( अक्षरेपी पच्चीस हजार मात्र ) का दरले ४७ जनाका लागि रु. ११,७५,००० । अक्षरेपी एघार लाख पचहतर पच्चीस हजार



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

मात्र ) बजेट उपलब्ध आबश्यक देखिन्छ । उक्त बजेट व्यवस्थापनका लागि चालु आ.बको भैपरी चालु शिर्षक बाट रकम रकमान्तर गरी निजहरुलाई पोशाक व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं : १९

यस नगरपालिका वडा नं ४ वालकुमारीमा परम्परागत रुपमा जात्रा गर्नका लागि कलात्मक रुपमा सालको काठबाट खट निर्माण गर्न जिर्ण भएको पुरानो खटको वनावटको आधारमा नयाँ खट तयार गर्नका लागि लागत रु.९८,०७११०६ ( अन्ठानव्ये हजार एकहत्तर रुपैया छ पैसा मात्र ) ( भ्याट र कन्टेन्जेन्सि सहित) चालु आ.बको भैपरी पुजीगत शिर्षक (३१५११) बाट रकमान्तर गरी उक्त कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं : २०

मध्यपुर थिमि नगरपालिकाको परम्परागत कला, संस्कृति, जात्रा पर्व उत्सव व्यवस्थापन एवं संचालन सम्बन्धी मापदण्ड २०८१ लाई देहाय बमोजिम स्विकृत गर्ने निर्णय गरियो ।

तपसिल

**प्रस्तावना** : मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्र परम्परा देखि चलि आएको कला, संस्कृति , जात्रा पर्व, उत्सवको गौरवपूर्ण इतिहासलाई संरक्षण , सवंर्धन र विकास गर्ने उदेश्यले नगरपालिकाबाट वितरण गर्ने अनुदान एवं आर्थिक सहयोगलाई छिटो,छरितो, मितब्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र अनुदान तथा सहयोग प्राप्त गर्ने संघ संस्था , व्यक्तिहरूलाई अनुशासित, जबाफदेही, उत्तरदायी बनाई गुणस्तरीय परिणाम हासिल गर्न तथा व्यवस्थित गर्न वान्छिनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२)ले दिएको अधिकार प्रयोग गरी यो मध्यपुर थिमि नगरपालिकाको परम्परागत कला, संस्कृति, जात्रा पर्व उत्सव व्यवस्थापन एवं संचालन सम्बन्धी मापदण्ड २०८१ जारी गरेको छ ।

**परिच्छेद १**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) "संक्षिप्त नाम " यस मापदण्डको नाम "मध्यपुर थिमि नगरपालिकाको परम्परागत कला, संस्कृति, जात्रा पर्व उत्सव व्यवस्थापन एवं संचालन सम्बन्धी मापदण्ड २०८१ " रहनेछ ।

(ख) यो मापदण्ड नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

२. **परिभाषा र व्याख्याः**

(क) "अनुदान"भन्नाले नगरपालिकाबाट वार्षिक बजेट र स्वीकृत कार्यक्रम अनरुप अनुदानग्राहीलाई नगरपालिकाको प्रचलित कानून अनुसार लेखा राख्ने, लेखा परीक्षण गराउने लगायतका वित्तीय



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

उत्तरदायित्व वहन गर्ने जिम्मेवारी रहने गरी प्रदान गरिने आर्थिक वा वस्तुगत सहयोग रकमलाई सम्झनु पर्छ र सो शब्दले नगरपालिकाले कार्यक्रम कार्यान्वयनका लागि व्यक्ति वा संस्थासँग गरिने लागत साझेदारी अनुसार गरिने आर्थिक सहयोग समेतलाई जनाउँछ । सो शब्दले कुनै नै व्यक्ति वा संघ संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पुँजीगत अनुदान समेतलाई जनाउछ ।

(ख) "अनुदानग्राही" भन्नाले नगरपालिकाबाट अनुदान प्राप्त गर्ने व्यक्ति वा निकाय वा उपभोक्ता समिति वा सामाजिक वा शैक्षिक संघ संस्था वा निजी क्षेत्र वा प्रचलित कानून बमोजिम स्थापना भएका कम्पनी वा संघ संस्था वा सहकारी वा समूह वा गुठी वा वोर्ड वा सोही प्रकृतिका निकाय वा संस्थालाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले"स्थानीय सरकार संचालन, ऐन २०७४" लाइ जनाउनेछ ।

(घ) "कार्यपालिका" भन्नाले मध्यपुर थिमी नगरपालिकाको नगरकार्यपालिकालाई जनाउनेछ

(ङ) कला संस्कृति ,जात्रा ,पर्व उत्सव 'भन्नाले समाजमा प्राचीनकाल देखि सामाजिक सदस्यका नाताले मानिसले तत् समाज सापेक्ष सोच्ने, विचार गर्ने, कार्य गर्ने, परम्परागत परिकारहरु खाने, बोल्ने, व्यवहार गर्ने लगायत नाचगान, भजन, साहित्य, कला, वास्तु आदि संग सम्बन्धित व्यवहार, ज्ञान, प्रविधि र क्रियाकलापहरुको समुच्चतालाई जनाउनेछ ।

(च) "संघ संस्था" भन्नाले प्रचलित कानुन बमोजिम गठित सामाजिक, आर्थिक, साहित्यिक, शैक्षिक,बौद्धिक, धार्मिक,साँस्कृतिक, वैज्ञानिक आदि कार्य गर्न गठित संघ, संस्था, संगठन, क्लब, अध्ययन केन्द्र, मण्डल, परिषद, सरकारी तथा गैर सरकारी निकाय र संस्थाहरू समेतलाई जनाउनेछ ।

(छ) "लागत" भन्नाले योजना तथा कार्यक्रमका लागि लाग्ने कुल खर्च रकमलाई जनाउने छ ।

(ज) "सभा" भन्नाले मध्यपुर थिमी नगरपालिकाको नगरसभालाई जनाउने छ ।

(झ) "लाभग्राही समूह" भन्नाले योजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने ब्यक्तिहरूको समूहलाई जनाउछ।

## परिच्छेद-२
## आर्थिक सहायता सम्बन्धी व्यवस्था

**३. आर्थिक सहायता सम्बन्धी व्यवस्थाः** (१) परम्परागत रुपमा मनाईने जात्रा पर्व, उत्सव संचालनको लागि आर्थिक सहायता माग गर्ने व्यक्ति वा संघ संस्थाले नगरपालिका वा वडा समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उप दफा(१) बमोजिम आर्थिक सहायता माग गर्ने व्यक्ति वा संस्थाले वडा कार्यालय मार्फत निवेदन दिन चाहेमा वडा कार्यालयले आफ्नो सिफारिश साथ नगरपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

(३ उप दफा (२) बमोजिम आर्थिक सहायताको निवेदन प्राप्त भएमा नगरकार्यपालिकाको निर्णयानुसार आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

(४) यस दफा बमोजिम उपलब्ध गराइने आर्थिक सहायता एकमुष्ट वा किस्ताबन्दी गरी उपलब्ध गराउन सकिनेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-३
## अनुदान तथा सहायता रकमको भुक्तानी प्रक्रिया

**४. अनुदान तथा सहायता रकमको भुक्तानीः** (१) यस मापदण्ड बमोजिम सञ्चालन गरिने वा प्रदान गरिने संस्थागत, व्यक्तिगत र आर्थिक सहायताको लागि पेश्की वा अन्तिम भुक्तानीको स्वरुप प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम पेश्की लिन चाहने व्यक्ति वा संस्थाले सम्झौतामा उल्लेख भए बमोजिमका कागजात सहित सम्बन्धित संस्था वा निकायको निर्णयसहित नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर सम्बन्धित विषयगत शाखाले आवश्यक जाँच गरी पेश्की उपलब्ध नगराइ कार्यक्रम सञ्चालन गर्न नसकिने भएमा मात्र सोही व्यहोराको सिफारिश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिसको आधारमा कार्यालयले पहिलो किस्ता वापत कार्यक्रमको लागि स्वीकृत भएको प्रस्तावमा उल्लेखित रकमको बढीमा ५० प्रतिशत वा एकमुष्ठ रुपमा १०० प्रतिशत रकम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(५) परम्परागत रुपमा मनाईने जात्रा,पर्व तथा उत्सव संचालन गर्दा स्थानीय उत्पादन तथा स्रोत साधानहरुको अधिकत्तम प्रयोग गरिने भएकोले प्रयोगमा आउने त्यस्ता सामाग्रीहरुको प्यान तथा भ्याट विल नभएको अवस्थामा भुक्तानी लिन देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ ।

१. प्यान विल र भ्याट विल हुने सामाग्रीहरुको हकमा प्यान विल र भ्याट विल अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

२. प्यान विल र भ्याट विल नहुने सामाग्रीहरुको हकमा उक्त सामाग्री खरिद गरेको व्यक्ति वा संघ सस्थाले रकम बुझेको भरपाई पेश गर्नु पर्ने छ ।

३. प्रचलित कानुन बमोजिम तोकिएका कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(६) अन्तिम किस्ता रकम कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानीको सिफारिश भएपछि मात्र उपलब्ध गरानेछ ।

**५.बाधा अड्काउ फुकाउनेः**

यस मापदण्डमा गर्न कुनै वाधा अड्काउ परेमा कार्यपालिकाले वाधा अड्काउ फुकाउने आदेश जारी गर्न सक्नेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत